प्रदेश सरकार
स्वास्थ्य मन्त्रालय
# स्वास्थ्य निर्देशनालय
कोशी प्रदेश, धनकुटा, नेपाल

## सेवा करारमा कर्मचारी आवश्यकता सम्बन्धी सूचना
(प्रथम पटक सूचना प्रकाशित मितिः २०८१/०६/०४)

स्वास्थ्य निर्देशनालय, कोशी प्रदेश, धनकुटा मातहतका निकायहरूको लागि आर्थिक वर्ष २०८१।०८२ को आषाढ मसान्तसम्म आवश्यक पर्ने चिकित्सक तथा स्वास्थ्यकर्मी लगायतका तपसिलमा उल्लेखित पद र तहहरु करार सेवामा लिखित तथा अन्तर्वार्ता परीक्षाको माध्यमद्वारा पदपूर्ति गर्नुपर्ने भएकोले तपसिल बमोजिमका पदमा न्यूनतम योग्यता पुगेका इच्छुक नेपाली नागरिकहरुले सूचना प्रकाशन भएको मितिले १५ (पन्ध्र) दिन भित्र यस निर्देशनालयमा दरखास्त फारम पेश गर्नु हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ ।

तपसिल:

| सि.नं. | विज्ञापन नं. | पद | तह/श्रेणी | सेवा/समूह | पद संख्या | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | ०१-२०८१/८२ | आयुर्वेद चिकित्सक | आठौं | स्वास्थ्य/ आयुर्वेद | १ | |
| २ | ०२-२०८१/८२ | होमियोप्याथी चिकित्सक | आठौं | स्वास्थ्य/होमियोप्याथी | १ | |
| ३ | ०३-२०८१/८२ | जनस्वास्थ्य अधिकृत | सातौं | स्वास्थ्य/हे.ई. | २ | |
| ४ | ०४-२०८१/८२ | फिजियोथेरापिष्ट | सातौं | स्वास्थ्य/फिजियोथेरापी | २ | |
| ५ | ०५-२०८१/८२ | मेडिकल ल्याव टेक्नोलोजिष्ट | सातौं | स्वास्थ्य/मे.ल्या.टे. | ४ | |
| ६ | ०६-२०८१/८२ | आई.टि.इन्जिनियर | सातौं | विविध | १ | |
| | ०७-२०८१/८२ | आई.टि.सव इन्जिनियर | पाँचौ | विविध | १ | |

- **सेवाको किसिमः** करार
- **उम्मेदवारको छनौट विधिः** लिखित परीक्षा र अन्तर्वार्ता।
- **लिखित र अन्तर्वार्ता परीक्षा सञ्चालन हुने मितिः** स्वास्थ्य निर्देशनालय, धनकुटाको वेवसाइट hd.p1.gov.np मा सूचना प्रकाशन भए वमोजिम हुनेछ ।
- **परीक्षा दस्तुरः** (क) सातौं र आठौं तहका पदको लागि रू.१,२००।-(एक हजार दुई सय रूपैयाँ) ।
  (ख) पाँचौ पदका लागि रू.४००।- (चार सय रूपैयाँ)
- **दरखास्त दस्तुर बुझाउने :** राजश्व संकेत नम्बर १४२२४, कार्यालय कोड नं. ३७००१०६०३१
- **दरखास्त फाराम बुझाउने अन्तिम मितिः** मिति २०८१/०६/१८ गते कार्यालय समय भित्र ।
- **दरखास्त बुझाउने स्थान :** स्वास्थ्य निर्देशनालय, धनकुटा ।
- **तलव तथा सेवा सुविधा:** प्रदेश सरकारको सम्बन्धित पदको लागि तोकिए वमोजिम।
- **उम्मेदवारको उमेरको हद :**
  - ✓ सातौ र आठौं तहको पदका लागी दरखास्त दिने अन्तिम मिति २०८१।०६।१८ मा २१ वर्ष उमेर पुरा भई ३५ बर्ष ननाघेको ।
  - ✓ पाँचौ तहको पदका लागि दरखास्त दिने अन्तिम मिति २०८१।०६।१८ मा १८ वर्ष उमेर पुरा भई ३५ बर्ष ननाघेको ।
- **आवश्यक न्यूनतम शैक्षिक योग्यता र अनुभवः**
  - ✓ आयुर्वेद चिकित्सकको लागि मान्यता प्राप्त शिक्षण संस्थाबाट आयुर्वेद चिकित्सामा स्नातक उपाधी प्राप्त गरेको ।
  - ✓ होमियोप्याथी चिकित्सकको लागि मान्यता प्राप्त शिक्षण संस्थाबाट होमियोप्याथीमा स्नातक उपाधी प्राप्त गरेको ।
  - ✓ जनस्वास्थ्य अधिकृतको लागि मान्यता प्राप्त शिक्षण संस्थाबाट जनस्वास्थ्य विषयमा स्नातक उपाधी प्राप्त गरेको ।
  - ✓ फिजियोथेरापिष्टको लागि मान्यता प्राप्त शिक्षण संस्थाबाट फिजियोथेरापीमा स्नातक तह उतिर्ण गरेको ।
  - ✓ मेडिकल ल्याव टेक्नोलोजीका लागि मान्यता प्राप्त शिक्षण संस्थाबाट मेडिकल ल्याव टेक्नोलोजीमा स्नातक वा सो सरह उत्तीर्ण गरेको ।
  - ✓ आई.टि.इन्जिनियर र आई.टि.सव इन्जिनियर पदका लागि संघीय लोक सेवा आयोगले (क्रमशः कम्प्युटर इन्जिनियर र कम्प्युटर टेक्निसियन) तोकेको ।
- **सेवा करारको अवधि:** २०८२ साल आषाढ मसान्त सम्म।
- **फाराम प्राप्त गर्ने स्थान:** स्वास्थ्य निर्देशनालय, धनकुटा वा वेवसाइट hd.p1.gov.np बाट उपलब्ध हुनेछ।
- **पेश गर्नु पर्ने आवश्यक कागजातहरु :**
  - ✓ नेपाली नागरिकताको प्रमाण-पत्रको प्रतिलिपि,
  - ✓ न्यूनतम शैक्षिक योग्यताको ट्रान्सक्रिप्ट तथा चारित्रिक प्रमाण-पत्र,
  - ✓ सम्बन्धित काउन्सीलको दर्ता प्रमाण-पत्र (नवीकरण भएको), अनुभवको प्रमाण-पत्र (भएमा),
  - ✓ उम्मेदवार लोपोन्मुख/अतिसीमान्तकृत/सीमान्तकृत/दलित भएमा सो को प्रमाणित हुने प्रमाण-पत्र,
  - ✓ नेपाल बाहेक अन्य मूलुकबाट हासिल गरेको शैक्षिक योग्यता भएमा सो को साथमा त्रिभुवन विश्वविद्यालयबाट समकक्षता निर्धारण गरेको प्रमाण-पत्र समेत पेश गर्नु पर्ने छ ।
- लोक सेवा आयोगबाट सम्बन्धित पदको लागि तोकिएको पाठ्यक्रम ।
- तोकिएको आवश्यक न्यूनतम शैक्षिक योग्यता नभएको दरखास्त उपर कुनै कारवाही हुने छैन। साथै, झुट्टा विवरण उल्लेख गरी दरखास्त फाराम भरेमा सो को जवाफदेही दरखास्तवाला स्वयम हुनु पर्नेछ।
- आवेदन स्वीकृत/अस्वीकृत गर्ने तथा विज्ञापन रद्द गर्ने सम्पूर्ण अधिकार स्वास्थ्य निर्देशनालय, धनकुटालाई हुनेछ।
- विज्ञापन सम्बन्धी थप जानकारीका लागि स्वास्थ्य निर्देशनालय, धनकुटाको वेवसाइट hd.p1.gov.np मा हेर्न र फोन नं.०२६-५२२५०८ मा सम्पर्क गर्न सकिनेछ।

निमित्त निर्देशक